केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०२/०६८/६९ मितिः २०६८/०४/१२

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०६८।६९ को मौद्रिक नीतिमा उल्लेख भएका निम्न लिखित व्यवस्थाका सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **अनिवार्य मौज्दात सम्बन्धमाः**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १३/०६८ को बुँदा नं. (क) को १ को (१) मा भएको ५.५ प्रतिशत अनिवार्य मौज्दात राख्नु पर्ने व्यवस्थाको सट्टा २०६८ साउन १ गतेदेखि लागू हुने गरी ५.० प्रतिशत कायम गरिएको छ ।

२. **शून्य व्याजदर सापटी सम्बन्धमाः**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १४/०६८ को बुँदा नं. १४ को १ को (झ) पछि देहायको व्यवस्था थप गरिएको छ :-

*"वित्तीय सेवाको पहुँच कम भएका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला गरी ९ जिल्लामा "घ" वर्गका वित्तीय संस्थाले शाखा खोली वित्तीय कारोवार संचालन गरेमा प्रति शाखा रु. १५ लाख शुन्य व्याजदरमा कर्जा सुविधा उपलब्ध गराइनेछ । यस्तो कर्जा सुविधा "कर्जा प्रवाह सम्बन्धी प्रकृयागत व्यवस्था, २०६७" मा उल्लिखित प्रक्रिया बमोजिम प्रदान गरिने छ ।"*

३. **विपन्न वर्ग कर्जा सम्बन्धमाः**

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १७/०६८ को बुँदा नं. १ को पहिलो अनुच्छेदमा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ :-

*"इजाजतपत्रप्राप्त "क", "ख" "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कुल बाँकी कर्जा सापट (विल्स खरिद तथा डिस्काउण्ट समेत) को न्युनतम क्रमशः ३.५ प्रतिशत, ३.० प्रतिशत र २.५ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्ने छ ।"*

(ख) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १७/०६८ को बुँदा नं. ३ को खण्ड (ट) पछि देहायको खण्ड (ठ) थप गरिएकोछ :-

*"साना किसान वर्गले अन्नबाली संरक्षण गर्ने प्रयोजनार्थ सामूहिक स्वामित्वमा कोल्डस्टोरेज स्थापना गर्न चाहेमा सोको लागि प्रवाह हुने प्रति परिवार रू. १ लाख ५० हजारसम्मको कर्जा ।"*

(ग) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. १७/०६८ को बुँदा नं. ९ को खण्ड (ड) पछि देहायको खण्ड (च) थप गरिएकोछ :-

*"उपरोक्त मापदण्ड पूरा गरेका ग्रामीण क्षेत्रमा संचालित सामुदायिक अस्पताललाई बैंक तथा वित्तीय संस्थाहरू बाट प्रत्यक्ष रूपमा प्रवाह हुने रू.१ करोडसम्मको कर्जालाई समेत विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।"*

४. **निक्षेप सुरक्षण सम्बन्धमाः**

हाल प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थामा बचत तथा मुद्दती खातामा रहेको रु २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था भइरहेकोमा अव उप्रान्त "क" वर्गका बैंकले समेत प्राकृतिक व्यक्ति निक्षेपकर्ताका नाममा आफ्नो संस्थामा बचत तथा मुद्दती खातामा रहेको रु २

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३



लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण निगम" सँग सुरक्षण गराउनु पर्नेछ । साथै, आफ्नो संस्थामा रहेको २ लाख रुपैयाँसम्मको व्यक्तिगत बचत तथा मुद्दती निक्षेपको रकम र त्यस्ता निक्षेपकर्ताको संख्यात्मक विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको एक महिना भित्र निक्षेप तथा कर्जा सुरक्षण निगमलाई उपलब्ध गराउनु पर्नेछ ।

५. संस्थागत सुशासन सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. ६/०६८ को बुँदा नं. ८ मा भएको विद्यमान व्यवस्थालाई खण्ड (क) कायम गरी देहायको खण्ड (ख) थप गरिएकोछ :-

*"बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थाको संचालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा आफ्नो परिवारको स्वामित्व वा नियन्त्रणमा रहेको फर्म-कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा सम्बन्धी छुट्टै स्वघोषणा विवरण समेत वार्षिक प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।"*

६. उत्पादन क्षेत्रमा लगानी गर्ने कार्ययोजना:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६८ को इ.प्रा. निर्देशन नं. ३/०६८ को बुँदा नं. १२ मा भएको विद्यमान व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था कायम गरिएकोछ :-

*"(१)उत्पादनशील र खासगरी कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ पर्याप्त लगानी सुनिश्चित गर्न हाल तोकिएका उत्पादनशील क्षेत्रमा कायम **Industry Average** को १० प्रतिशत भन्दा कम वा बढी लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरूले तीन वर्षभित्र औसत कर्जा लगानी **Industry Average** को २० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था अनुसार तयार गरिएको वार्षिक कार्ययोजनालाई अनुगमन गर्न सकिने गरी हरेक वर्ष अर्धवार्षिक लक्ष्य निर्धारण गर्नु पर्नेछ ।*

*(२) उपदफा (१) बमोजिमको अर्धवार्षिक लक्ष्य अनुसार कर्जा लगानी भए नभएको बारे संचालक समितिले प्रत्येक ६/६ महिनामा समीक्षा गर्नु पर्नेछ ।*

*(३) उपदफा (२) बमोजिमको समीक्षा विवरण अनुसूची ३.३ बमोजिमको ढाँचामा अर्धवार्षिक अवधि समाप्त भएको एक महिनाभित्र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।"*

भवदीय,

(हस्ताक्षर)

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१०. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१२. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।